# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## इन्द्रसरोवर गाउँपालिका
## मकवानपुर

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## इन्द्रसरोवर गाउँपालिका

## मकवानपुर

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## इन्द्रसरोवर गाउँपालिका

## मकवानपुर

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
बागमती प्रदेश

मितिः२०८१।०२।१३

प.सं. २०८०।८१

च.नं. १९०

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्षज्यू,

इन्द्रसरोवर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

मकवानपुर ।

१. **कैफियत सहितको राय** - हामीले इन्द्रसरोवर गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१ करोड १८ लाख ८४ हजार हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.९६ लाख १ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.१८ लाख ९६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.३ लाख ८७ हजार रहेको छ । ईन्द्रसरोवर गाउँपालिकाको गतवर्ष सम्म रु.७ करोड ९० लाख ९२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.८

करोड २६ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी ईन्द्रसरोवर गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**(शंकर प्रसाद पन्थी)**

**नायब महालेखापरीक्षक**

ईन्द्रसरोवर गाउँपालिका,

मकवानपुर जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ३१ | ७५ | ११८८४ | ० | ३२ | ९६०१ | ३१ | ४३ | २२८३ | १८९६ | ० | ३८७ | ० | ० | २२८३ | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मकवानपुर | ७९०९२ | ० | १३४९ | ७७७४३ | ० | २२८३ | ८००२६ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | ३.३ | कर दायित्व रकम दाखिला भएको प्रमाण पेश | १६५२४ |
| | | १३ | अवकाश कोष रकमको प्रमाण पेश | १४७७५७४ |
| | | २१ | ह्यूल्सा निर्माण सेवाको पेश्की रकम दाखिलाको प्रमाण पेश | १६०००० |
| | | २८ | बढी दरको बैठक भत्ता रकम दाखिलाको प्रमाण पेश | १३५१५० |
| | | ३१ | विद्यालय नर्सको तलब भत्ताको दाखिला प्रमाण पेश | १०४१९० |
| | | ३२ | वत्सलादेवी माविको बढी निकासा रकम दाखिला प्रमाण पेश | १४०५० |
| | | ३३ | वत्सलादेवी माविको दोहोरो निकासा रकम दाखिला प्रमाण पेश | १२१०० |
| | | ३५ | नर्म्स भन्दा बढी भुक्तानी रकम दाखिला प्रमाण पेश | ५९५० |
| | | ३६ | सशर्त अनुदान फिर्ता गरी दाखिला प्रमाण पेश | ११८२००१ |
| | | २९ | दिवा खाजामा बढी निकासाको रकम दाखिलाको प्रमाण पेश | ४३४९५ |

| | | | | |
|---|---|---|---|---|
| | | ४० | कार्य सम्पन्न प्रतिबेदन पेश भएको | ७९३००० |
| | | ४१.१ | बढी निकासा रकम दाखिला भएको | १७००० |
| | | ४१.३ | बढी भुक्तानी रकम दाखिला भएको | ९१७८ |
| | | ४१.४ | बढी निकासा रकमको प्रमाण पेश | ४२६४० |
| | | ४१.५ | स्वास्थ्य चौकिहरुको बील भर्पाई पेश भएको | ३४०००० |
| | | ४४ | ईन्धन भुक्तानीको प्रमाण पेश | ७१५५८८ |
| | | ४७ | सामाजिक सुरक्षा भत्ता रकम दाखिलाको प्रमाण पेश | २०२६७ |
| | | ४६ | सामाजिक सुरक्षा रकमको प्रमाण पेश | ४५१२५९७ |
| | **चालु वर्षको जम्मा** | | | **९६०१३०४** |
| | **गत विगत वर्षतर्फको** | | | |
| | **२०७८।७९** | २० | मूल्य अभिवृद्धि कर रकम सम्बन्धित शिर्षकमा दाखिला गरेको प्रमाण पेश | १३४८९८० |
| | **गत विगतको जम्मा** | | | **१३४८९८०** |
| | **कुल जम्मा** | | | **१०९५०२८४** |

**पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।**

# परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका ५ वडा रहेको छ भने क्षेत्रफल ९७.३२ वर्ग किलोमिटर तथा १२ हजार ५८५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।१०।११ देखि २०८०।१०।१३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबारको गरी जम्मा रु.९५,९२,७३,४६२।६३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१८,२८,७१८।- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | विवरण | रकम रु. |
|---|---|---|
| १ | दहत्तर बहत्तर मू. अ. कर | १८२८७१८ |

## २ सञ्चित कोष

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७९।८० को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ५१०७५१४३८ | ४३६७३७२६२ | २९२९७६ | ४३७०३०२३८ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ५०५०४७२९२ | ४०६०८०१२६ | ० | ४०६०८०१२६ |
| ११००० कर | ११ | ९२२९८००० | ९२४९८४७८ | ० | ९२४९८४७८ |
| १३००० अनुदान | | ३१००७३००० | २८२६३४९५५ | ० | २८२६३४९५५ |
| संघीय सरकार | १२ | २४७६९५००० | २२५९५९३७७ | ० | २२५९५९३७७ |
| प्रदेश सरकार | १२ | ६२३७८००० | ५६६७५५७८ | ० | ५६६७५५७८ |
| १४००० अन्य राजस्व | | २६२४७७५९ | ३०९४६६९४ | ० | ३०९४६६९४ |
| १५००० विविध प्राप्ति | | ० | ० | ० | ० |
| ३२००० वित्तीय सम्पत्ति | | ७६४२८५३३ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | ५७०४१४६ | ३०६५७१३६ | २९२९७६ | ३०९५०११२ |
| वितरण गर्न बाकी राजस्व | | ० | २२३४४९४९ | ० | २२३४४९४९ |
| कोषहरु | | ५७०४१४६ | ३६३०१८६ | २९२९७६ | ३९२३१६२ |
| धरौटी | | ० | ४६८२००१ | ० | ४६८२००१ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५१०७५१४३८ | ३८९१४५४३५ | २९२९७६ | ३८९४३८४११ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५०५०४७२९२ | ३८५३७२१२९ | | ३८५३७२१२९ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १२०३२५२९२ | १०७४२०५०० | ० | १०७४२०५०० |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १५१५६३००० | १२३८१४९९८ | ० | १२३८१४९९८ |

| | | | | | |
|---|---|---|---|---|---|
| २५००० सहायता ( Subsidy) | १८ | ० | ० | ० | ० |
| २६००० अनुदान | १८ | २४९००० | ० | ० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | २१००००० | १६७०४९२ | ० | १६७०४९२ |
| २८००० अन्य खर्च | १८ | २४००००० | १८५०८१० | ० | १८५०८१० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २२८४१०००० | १५०६१५३२९ | ० | १५०६१५३२९ |
| घ. अन्य भूक्तानी | | ५७०४१४६ | ३७७३३०६ | २९२९७६ | ४०६६२८२ |
| कोषहरु | | ५७०४१४६ | ५५६१७० | २९२९७६ | ८४९१४६ |
| धरौटी | | ० | ३२३३६६० | ० | ३२३३६६० |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -१६५२४ | | -१६५२४ |
| ङ. यो वर्षको बचत (न्युन) | | | ४७५९१८२७ | | ४७५९१८२७ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ८३७७४५२५ | | ८३७७४५२५ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | १३१३६६३५३ | | १३१३६६३५३ |
| बैंक तथा नगद बाकी | २४ | | १२८६५८६६३ | | १२८६५८६६३ |

गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | ५९९९७८८० | ५८२७०९९६।९२ |
| २ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | १०००००००० | ८१३१४१० |
| **जम्मा** | | **६९९९७८८०** | **६६४०२४०६।९२** |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

### ३ वित्तीय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (*NPSAS)* अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

### ३.१ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन

गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.५,८२,७०,९९६।९२ र स्थानीय तह प्रशासनिक भवन पूर्वाधारको रू.८१,३१,४१०।- समेत गरी रु.६,६४,०२,४०६।९२ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

### ३.२ फरक जिम्मेवारी

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.१०,७५,५१,७५४।- मौज्दात रहेकोमा यो वर्ष रु.८,३७,७४,५२५।४२ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२,३७,७७,२२८।५८ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

### ३.३ कर दायित्व

*.......... (प्रारम्भिक प्रतिवेदन उपर कर दायित्व रकम दाखिला भई पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.१६,५२४।- सम्परीक्षण गरिएको ।)*

### ३.४ सञ्चित कोषमा जम्मा (ट्रान्सफर)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको आन्तरिक राजस्व खातामा रु.५६,९३,८९४।- मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

### ३.५ बैङ्क कारोबारमा भिन्नता

प्राप्त वितीय विवरणको अनुसूची-२४ मा श्रेस्ताअनुसार बैङ्क बाँकी रु.१२,८६,५८,६६२।५३ र अनुसूची-२४ अनुसारको बैंक अनुसार बाँकी रु.८,८६,४९,४४०।११ भई बैंक रु.४,००,०९,२२२।३४ ले बढी देखिएको वितीय विवरणले देखाउँदछ । अनुसूची-२४ मा देखाएको बैंक तथा नगद बाँकी रु.१२,८६,५८,६६२।५३ मध्ये रु.४,००,०९,२२२।३४ बैंक कारोवारमा भिन्नता (राजस्व खाता र सञ्चितकोष खाता) भन्ने उल्लेख छ । यस सम्बन्धमा पुष्ट्याइ प्राप्त नभएकोले हिसाव यकिन हुनुपर्दछ । त्यस्तै प्राप्त वितीय विवरण अनुसार बैंक कारोवारमा बर्षान्तको बाँकी रु.१३,१३,६६,३५२।५३ र अनुसूची-२४ अनुसारको नगद तथा बैंक बाँकी रु.१२,८६,५८,६६२।५३ भई नगद तथा बैंक रु.२७,०७,६९०।- ले कमी देखिएको वितीय विवरणले देखाउँदछ । यस सम्बन्धमा पुष्ट्याइ प्राप्त नभएकोले हिसाव यकिन हुनुपर्दछ ।

## ४ रकमान्तर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७

को नियम ३३ अनुसार विशेष कारण तथा परिस्थिति बाहेक कुनै बाध्यमात्मक अवस्थामा रकमान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन तथा नियमावलीको व्यवस्था विपरीत रकमान्तर गर्नुपर्ने कारण तथा अवस्था उल्लेख नगरी एकपटक आवश्यकता पहिचान गरी छनौट गरेका २१ योजना तथा कार्यक्रमको रु.९४,०५,४००।- रकमान्तर गरेको छ ।यसरी पटक पटक रकमान्तर गर्दा बित्तीय सुशासन कायम हुने देखिदैन । कारण बेगर पटक पटक रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

## ५ क्षेत्रगत बजेट तथा खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २८७१०४०० | २२५८४१६४ | ५.८६ |
| २ | सामाजिक विकास | १६९९६८२९२ | १४२५३१७११ | ३६.९८ |
| ३ | पूर्वाधार वकास क्षेत्र | १९६५२९००० | १२८१८८७७५ | ३३.२६ |
| ४ | बातावरण तथा विपद् व्यवस्थापन | ६०००००० | ४०२२३९६ | १.०४ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह | २००००० | १६२००० | १.०४ |
| ६ | वित्तीय व्यवस्थापन र सुशसान | १६९६२००० | १३३४३२०९ | ३.४६ |
| ७ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ८६६७७६०० | ७४५३९८७४ | १८.३६ |
| **जम्मा** | | **५०५०४७२९२** | **३८५३७२१२९** | **१००.००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ३६.९८ प्रतिशत र वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास सेवा प्रवाहमा सबैभन्दा घटी १.०४/१.०४ प्रतिशत रहेको छ ।

## ६ खर्च विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.३,०७,२०,६२५।१७ राजस्व बाँडफाँड र अनुदानबाट रु.४०,६३,०९,६१३।३३ समेत रू.४३,७०,३०,२३७।आम्दानी भएकोमा चालुतर्फ रु.२३,४७,५६,७९९।७५ र पुँजीगततर्फ रु.१५,०६,१५,३२९। र वित्तीय व्यवस्थातर्फ रु.४०,६६,२८२। समेत रु.३८,९४,३८,४१०।८४ खर्च भएको छ । खर्चमध्ये आन्तरिक आयको हिस्सा ७.८८ प्रतिशत रहेको छ।यसवर्ष पदाधिकारी सुविधामा रु.६२,१६,०५८।खर्च भएको छ जुन आन्तरिक आयको २०.२३ प्रतिशत रहेको छ।पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५३.७२ प्रतिशत चालु र ३४.४६ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ।यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ।

प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ७ बजेट पेस, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ ।यस पालिकाको उपाध्यक्षले मिति २०७९।३।१० मा रु.५० करोड ५० लाख ४७ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ ।यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।६।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।समयमै अख्तियारी बजेट कार्यक्रम हुँदा समेत पुँजीगत बजेट ६५.९४ प्रतिशत मात्रै खर्च भएको अवस्था छ।बजेट कार्यान्वयन दक्षता बढाउनु पर्ने देखिन्छ ।

## ८ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छः

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च रू. हजारमा | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्च | १५०६१६ | ६६ | २४८४१ | ३५२८० | ९०४२९ | ४०९१३ |
| प्रतिशत | १०० | ०.०४ | १६.४९ | २३.४३ | ६०.०४ | २७.१६ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.१५ करोड ६ लाख १६ हजार पुँजीगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.६६ हजार (०.०४ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.२ करोड ४८ लाख ४१ हजार (१६.४९ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.३ करोड ५२ लाख ८० हजार (२३.४३ प्रतिशत) र चौथो त्रैमासिकमा रू.९ करोड ४ लाख २९ हजार (६०.०४ प्रतिशत) खर्च गरेको देखिएको छ ।यसरी नै आषाढ महिनामा मात्र रु.४ करोड ९ लाख १३ हजार (२७.१६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन ।स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## ९ योजना प्राथमीकिकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ ।स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल १९० योजनामा वजेट विनियोजन गरेको छ ।

| क.सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या | कार्यान्वयन नभएको योजना |
|---|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ६६ | २० | ३४ | १३ | २५ |
| २ | वडास्तरीय | १२४ | ० | ७ | ११६ | |
| **जम्मा** | | **१९०** | **२०** | **४१** | **१२९** | **२५** |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १६५ योजनामात्र कार्यान्वयन भई २५ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १० गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकी रू.९ लाखको व्यवस्था गरी रु.५,५४,७२७।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

## ११ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय

तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

## १२ जिन्सी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (*PAMS)*मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (*PAMS)* मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अध्यावधिक गर्नुपर्दछ ।

## १३ अवकाश कोष

✂ ........... ***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१० को निर्णयबाट रु.१४,७७,५७४।- सम्परीक्षण गरिएको ।)***

## १४ सहकारी अनुगमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (*COPOMIS)* दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १७ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (*COPOMIS)* बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

## १५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको

आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्:

**वजेट व्यवस्थापनतर्फ**

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको.
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको,
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना गरे नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरे गरेको ।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,
- नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको ।

**खरिद व्यवस्थापन तर्फ**

- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको,
- सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नगरेको,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राख्ने नगरेको,

**शिक्षातर्फ**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन,

- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको,

**विविधतर्फ**

- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखे नराखेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरे नगरेको ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

१६ **कानुन निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म १५ वटा ऐन, ३ वटा नियमावली, ३४ कार्यविधि, ४ निर्देशिका र ४ नर्म्स तथा मापदण्ड लगायत ५७ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । साथै पालिकाले ५ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१७ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष थप ४१ विवाद दर्ता भएकोमा ३२ वटा मात्र फर्स्यौट भई ९ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## १८ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.७,५८,०३१।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## १९ कर तथा असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १५०००० | ९९०९३।२९ | ६६।०६ |
| घरजग्गा वहाल कर | २००००० | ११०४८७।९१ | ५५।२४ |
| व्यवसाय कर | २००००० | ७५८०३१ | ३७९।०२ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

## २० आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१,१६,१४,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.३,०७,२०,६२५।१७ अर्थात् अनुमान भन्दा १६७ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिनु आवश्यक देखिएको छ ।

## २१ वर्षान्तको पेस्की

***.......... (प्रारम्भिक प्रतिवेदन उपर पेश्की फस्यौंट भई पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.१,६०,०००।- सम्परीक्षण गरिएको ।)***

## २२ म्याद ननाघेको पेस्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.१,४५,००,०००।- बाँकी रहेको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फस्यौंट तथा गत विगतका पेश्कीको समेत एकीकृत हिसाब कायम गर्नुपर्दछ ।

| सि.नं. | पेस्की लिने कम्पनीको नाम | वापत | पेस्की रकम | कैफियत |
|---|---|---|---|---|
| १ | उमा।मनकामना।आर.वि.जे.भी. | गाउँपालिका प्रशासकीय भवन निर्माण निरन्तरता | ३७५०००० | यस वर्षको म्याद ननाघेको |
| २ | उमा।मनकामना।आर.वि.जे.भी. | गाउँपालिका प्रशासकीय भवन निर्माण निरन्तरता | १०७००००० | गत आ. व .को |
| ३ | ओम आयल डिष्ट्रिव्युटर्स | इन्धन ( पदाधिकारी ) | ५०००० | गत आ. व .को |
| जम्मा | | | १४५००००० | |

## २३ तलबी प्रतिबेदन

बागमती प्रदेश स्थानीय सेवा गठन तथा संचालन ऐन,२०७९ को दफा ६९(५) मा कार्यालयले प्रदेश कितावखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा ईकाईबाट तलबी प्रतिबेदन पारीत नगराई तलब खर्च लेख्न नमिल्ने कुरा उल्लेख छ।साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१८, मिति २०७६।५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट कामकाजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिबेदन पारीत गराउंनु पर्ने स्पष्ट निर्देशन रहेकोमा सो नगरी पालिकाले तोकिएको निकायबाट तलबी प्रतिबेदन पारीत नगराई आन्तरिक लेखापरीक्षण शाखाबाट मात्र पारीत गरी स्थायी कर्मचारीहरुको तलब तथा ग्रेड बापतको खर्च रकम रु. १ करोड १९ लाख ६२ हजार भुक्तानी गरेको छ।तलबी प्रतिबेदन पारित नगरी खर्च भएको तलब तथा ग्रेड रकम सम्बन्धमा यकिन गर्न सकिएन।तसर्थ ऐन तथा निर्देशन बमोजिम सम्बन्धित निकायबाट तलबी प्रतिबेदन पारीत गराएर मात्र खर्च लेख्नु पर्दछ ।

## २४ बैठक भत्ता

अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका,२०७७ को आठौं संशोधन २०७९ को बुँदा नं ७.१.१५ मा बैठक भत्ता भुक्तानी गर्दा बैठकको विषय बस्तु र गम्भीरताको यकिन गरेर कानुन अनुसार गठन भएको समितिका लागि मात्र बैठक भत्ता दिन मिल्ने,कार्यालय समयमा बसेको बैठकको भत्ता लिन नमल्ने,आमन्त्रित सदस्यमा समितिको संख्याको पच्चीस प्रतिशतले हुन आउने संख्या मात्र राख्नु पर्ने लयातका व्यबस्था उल्लेख छ।बैठक भत्ताको केही भौचर परीक्षणमा उत्कृष्ठ कर्मचारी छनौट समितिको बैठक, विपद् व्यबस्थापन समितिको बैठक, मुल्यांकन समितिको बैठक,पदपुर्ति समितिको बैठक तथा विभिन्न विषयगत शिर्षकको बैठक विहान, बेलुकाको समय र बैठकको समय समेत नखुलाई बैठक बसेको र आमन्त्रितको संख्या तोकिएको

भन्दा बढी संख्यामा राखी भत्ता खर्च लेखेको छ। प्रायः बैठकको माईन्यूट मा १।१ वटा निर्णय गरी बैठक सम्पन्न भएको देखिन्छ र बैठकको माईन्यूट समेत संलग्न नगरी बैठक भत्ता भुक्तानी भएको देखियो। यस बर्ष कर्मचारी र पदाधिकारी बैठक शिर्षकमा रु २३लाख १० हजार खर्च भएकोमा आवश्यकताको आधारमा भन्दा पनि भत्ता प्रयोजनको लागि बैठक बस्ने कार्यमा सुधार गरी बैठकको बिषय बस्तु र गम्भीरताको आधारमा बैठक बसी तोकिएको मापदढण्डको पालना गरी मितव्ययी रुपमा बैठक खर्च भुक्तानी गर्नु पर्दछ। बैठक भत्ता भुक्तानीका केही उदाहरण निम्न बमोजिम रहेको छ।

| भौ.नं र मिति | बैठक | विवरण | भत्ता रकम |
|---|---|---|---|
| ५६७, ३।२३ | उत्कृष्ठ कर्मचारी छनौट समिति र मुल्यांकन समिति | १० बैठकको भत्ता भुक्तानीमा हरेक बैठकमा १।१ वटा निर्णय | १०६२०० |
| ४०३, ११।१६ | पदपुर्ति समितिको बैठक | २०८०।२।११ मा दिनको १ बजे बसेको बैठकको समेत भत्ता भुक्तानी | ३२४०० |
| ३९९, २।११ | मल वितरण व्यबस्थापन समितिको बैठक | ३ सदस्यीय समितिमा ४ जनालाई आमन्त्रितमा राखी भत्ता वितरण | १४३४०० |
| ३११, १।५ | शिक्षक स्वयंसेवक परीचालन समितिको बैठक | २०८०।१।४ मा दिउसो १. ३० वजे लगायतका समयमा बैठक सम्पन्न | ५३४०० |

## २५ करार कर्मचारी

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८३ (८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली र सरसफाई सम्बन्धि पदमा मात्र प्रतिस्पर्धाको आधारमा सेवा करारमा लिनु पर्ने व्यबस्था उल्लेख छ। साथै स्थानीय सेवा गठन तथा संचालन ऐन,२०७९ को दफा ९(१४) मा कम्प्यूटर अपरेटर, सवारी चालक, कार्यालय सहयोगी र चौकीदार को लागि दरबन्दी भित्र रही व्यक्तीसंग करार गरी सेवा करारमा र ईलेक्ट्रीसियन, प्लम्बर र यस्तै काम गर्ने अन्य पदका दरबन्दीभित्र नपर्ने पदमा संस्थासंग करार गरी सेवा सम्पादन गराउन सकिने व्यहोरा उल्लेख छ। सो बिपरीत पालिकाले ईन्जिनियर, पशु प्राविधिक पाँचौं, कृषि प्राविधिक, अमिन, कम्प्यूटर अपररेटर,अ सव ईन्जिनियर,अहेब अनमी ल्याब टेक्निसियन लगायतका विभिन्न पदहरुमा गरी ५२ जना कर्मचारीहरु करार सेवामा राखी करार कर्मचारी पारीश्रमिक १ करोड ४६ लाख ६३ हजार खर्च भुक्तानी गरेको छ ।ऐनले तोकेको पदहरुमा मात्र प्रतिस्पर्धाको आधारमा स्वीकृत दरबन्दी भित्र रही करार सेवा लिनु पर्दछ ।

## २६ प्रोत्साहन भत्ता

बागमती प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन २०७९ को दफा ६९(४) मा कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्न सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यहोर्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने व्यवस्था छ । पालिकाले सम्पूर्ण स्थाथी कर्मचारीहरु र करार कर्मचारीहरुलाई कार्यविधि नबनाई मिति २०८०।३।१० को गाउंसभाको निर्णयबाट ८५ जना स्थायी र करार कर्मचारीहरुलाई प्रोत्साहन भत्ता रु ३५ लाख ५५ हजार भुक्तानी गरेको छ। प्रोत्साहन भत्ता वितरण सम्बन्धी कार्यविधि तयार नगरी मासिक रुपमा वितरण भएको खर्च रकम नियमसम्मत नभएको र यसरी प्रोत्साहन भत्ता वितरण गर्दा आफ्नो कार्य क्षेत्र, आन्तरिक राजश्व संकलन क्षमता,खर्चको आकार आदिलाई

मध्यनजर गर्दै कार्यविधि निर्धारण गरी कार्यसम्पादन मूल्याङ्कनका सुचकहरुको आधारमा मात्र सम्बन्धित कानुन बनाएर खर्च गर्नुपर्दछ ।

२७ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली,२०६४ को नियम २१ मा कार्यालयले भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको अनुसुचि ६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राखु पर्ने र भ्रमणमा खटाउने पदाधिकारीले विस्वासनीय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको थप व्यबस्था समेत गर्नु पर्ने व्यबस्था उल्लेख छ। स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीले भ्रमण गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमण को उपलव्धी सहितको प्रतिवेदन पेश गर्नुपर्दछ। यसवर्ष कार्यालयले उपलव्ध गराएको विवरण अनुसार रु.२१ लाख ९९ हजार भ्रमण र अनुगमन खर्च भएको छ। भ्रमण खर्च सम्वन्धी केही फाँटवारी परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारी र कर्मचारीले भ्रमण प्रतिवेदन पेश नगरेको र स्वीकृत ढाँचामा भ्रमण अभिलेख नराखी भ्रमण खर्च भुक्तानी गरेकोले भ्रमणको उपलव्धी मापन गर्न सकिने आधार देखिएन। भ्रमण खर्चलाइ आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्च लेख्ने परम्पराले सरकारी खर्चको मितव्ययीतामा जोखिम देखियो । तसर्थ भ्रमण कार्यसंग सम्बन्धित प्रमाण कागजातहरु प्रतिबेदनका साथ संलग्न गरी तोकिएको ढाँचामा अभिलेख राखी कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको थप व्यबस्था गर्नु पर्दछ।

२८ **बढी दरमा बैठक भत्ता**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.१,३५,१५०।- सम्परीक्षण गरिएको ।)*

२९ **दिवा खाजा**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.४३,४९५।- सम्परीक्षण गरिएको ।)*

३० **शिक्षक दरबन्दी तथा पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत २१ वटा विद्यालयमा १०५ जना शिक्षक दरबन्दी भएकोमा १०५ जना पदपूर्ति र पदपूर्तिमध्ये ५८ जना करार/राहत शिक्षक रहेको देखिन्छ । ती विद्यालयहरुमा विद्यालय तथ्याङ्क अनुसार कुल विद्यार्थी संख्या २८५८ रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम शिक्षक भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्यून विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

३१ **विद्यालय नर्स तलब भत्ता**

✂ ........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.१,०४,१९०।- सम्परीक्षण गरिएको ।)*

३२ **बुक कर्नर**

*✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.१४,०५०।- सम्परीक्षण गरिएको ।)*

३३ **दोहोरो निकासा**

*✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.१२,१००।- सम्परीक्षण गरिएको ।)*

३४ **प्रधानमन्त्री स्वरोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा विभिन्न योजना सञ्चालन गरी यस वर्ष ८३ जनालाई औसत १०० दिनले ८३०० दिन रोजगारी उपलव्ध गराई रु.४७,८९,१००।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

३५ **नर्म्सभन्दा बढी भुक्तानी**

*✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।८ को निर्णयबाट रु.५,९५०।- सम्परीक्षण गरिएको ।)*

३६ **सशर्त अनुदान फिर्ता**

*✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.११,८२,००१।- सम्परीक्षण गरिएको ।)*

३७ **परामर्श तथा डिपिआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| क्र.सं. | कार्यक्रमको नाम | परामर्शदाता | खर्च रकम | अध्ययनबाट निर्धारण भएका आयोजनाको लागत |
|---|---|---|---|---|
| १ | बागेश्वरी दोभानकाली खोरङ टेकर देउराली सडकको डिपिआर | रिजिड इन्जिनियरिङ डिजाइन प्रा लि | ३७३७७० | ३.५ कि.मि. सडकको संक्षिप्त वातावरणीय अध्ययन |
| २ | धाराखोल्सी काप्राङ दाप्राङ कुन्टार डोडारे सडकको डिपिआर | निकास ईन्जिनियरीङ्ग कन्सल्टेन्सी एण्ड रिसर्च सेन्टर प्रा.लि. | ७१६६७५ | १०३६६४६१९८ |
| ३ | नदीजन्य पदार्थ उत्खनन् गर्ने प्रयोजनको लागि IEE | डेल्टा ईनिसियटिभ ईन्जिनियरिङ प्रा.लि. | ४९८३३० | १६७७३४८० |
| ४ | काप्राङ्ग सल्लेडाँडा खानेपानी योजना | इन्जीनियरिङ कन्सल्टेन्ट | २७९६७५ | २१३४११८६ |
| ५ | मार्खुबजार सलवाङ विरूवा डाँडा झो.पु. नर्सरी देखि गैरा भिरखर्क तौमाठ सम्म झो.पु. | स्टक्चर मिसन नेपाल प्रा.लि. | ४९७५६७ | १९३३२९७० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

### ३८ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

### ३९ ठेक्का व्यवस्थापन

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिश्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ५.६९ देखि ४४.६० प्रतिशतसम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ

। यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| सि नं | ठेक्का नं | कामको विवरण | निर्माणकर्ताको नाम | लागत अनुमान VAT र PS सहित | सम्झौता रकम VAT र PS सहित | फरक प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | IRM/NCB/Building/01/079/080 | बात्सलादेवी छात्रावास निर्माण परियोजना | पब्लिक कन्स्ट्रक्सन, बौद्ध ६ | ७९९४४८६ | ५८६५९३१ | २६.८१ |
| २ | IRM/NCB/Building/02/079/081 | पञ्चकन्या मावी ट्रस | शुभ प्रभात निर्माण सेवा हेटौडा | १९६०५६० | १८४८१७८ | ५.६९ |
| ३ | IRM/NCB/Roads/01/079/080 | शानोमार्कु शेरा रोड | अमिरा कन्स्ट्रक्सन | १८५३१२२३ | १०३५१४३८ | ४४.६० |
| ४ | IRM/NCB/Roads/02/079/080 | पुरौदी सानेमालर् विर फाखर्ल मैत्री पार्क रोड निर्माण | हयाग्रिव बिल्डर्स प्रा लि | १८८५४४८५ | ११७७२१३१ | ३७.८५ |
| ५ | IRM/NCB/Roads/03/079/081 | खड्बु सुकौरा नयाँगाउँ कालापानी रोड | नेपाल पब्लिक कन्स्ट्रक्सन प्रा लि | ११९८७३८६ | ११९८७६५० | ३६.१८ |
| ६ | IRM/NCB/Roads/04/079/082 | पाटीचौर राम मन्दिर पौवा सडक | मनकामना।अमिरा।हरीशंकर जे भी | २८३६८३५२ | १९४२६१६२ | ३१.५२ |
| ७ | IRM/NCB/Roads/05/079/082 | पौवा भाँगे पाटीचौर ग्रामीण सडक स्तरोन्नति | इन्द्रसरोवर कन्स्ट्रक्सन प्रा लि | ४८७१३५९ | ३५४६४५७ | २७.०० |
| ८ | IRM/NCB/Ws/01/079/08 | खड्बु वृहत खनेपानी योजना | ह्युल्सा निर्माण सेवा, काठमाडौं | ३४३०३५२ | २८१९९८५ | १७.७९ |
| ९ | IRM/NCB/Ws/02/079/09 | काप्राङ खानपानी योजना | ह्युल्सा निर्माण सेवा, काठमाडौं | २१२१९२४ | १९२३६२३ | २१.२३ |

४० **कार्यसम्पन्न प्रतिवेदन**

*..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१२ को निर्णयबाट रु.७,९३,०००।- सम्परीक्षण गरिएको ।)*

४१ **आन्तरिक लेखापरीक्षणबाट कायम व्यहोराहरू**

४१.१ *सामुदायिक विद्यालयको दिवा खाजा कार्यक्रम*

*✂ ..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।१७ को निर्णयबाट रु.१७,०००।- सम्परीक्षण गरिएको ।)*

४१.२ निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ नियम ९ र १० बमोजिम गरी तयार गरि नियम १२५ बमोजिम कार्य सम्पन्न प्रतिवेदन तयार गरि स्वीकृत लागत अनुमान भन्दा बढी नहुने गरी भुक्तानी दिनु पर्दछ। गाउँपालिकामा यस आ.व.मा उपभोक्ता समितिद्धारा संचालन भएका निम्न योजनाहरुको स्वीकृत लागत अनुमानमा भन्दा बढी भुक्तानी भएको पाइएकोले सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रू.

| भौ.नं | भुक्तानी पाउनेको नाम | कामको प्रकृति | स्वीकृत रकम | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| ३६ | शेरा उपभोक्ता समिति | Earthwork In ordinary Soil | ३५४३० | ५१३२३ | १५८९३ |
| | | Filling Work | १२२८५ | १७७९६ | ५५११ |
| १०९ | पहिरो सफा उ.स इन्द्रसरोवर-५ | Road way and drain excavation for all types of soil with combination of Manual means | २९११२ | ६७९२८ | ३८८१६ |
| ११३ | फ्युङवा डाँडा सडक निर्माण उ.स. | Earthwork in excavation in ordinary soil by using of mechanical means for new track road | ४२७८५ | ६९६२० | २६८३५ |
| ११६ | बज्रमाठ सडक ग्राभेल योजना उ.स | Earthwork Excavation and leveling of Road Land | ३४६७९ | ४१७३८ | ७०६० |
| | | Earthen Drain Construction (Manually) | ७८५७९ | ९९०३५ | २०४५७ |
| १३८ | रुपादेवी सानुमार्खु नागदह सडक निर्माण उ.स. | Earthwork in excavation in roadway by Machine | १३५१८८ | २४२०६० | १०६८७२ |
| २०९ | सर्वाङ्ग खानेपानी योजना उ.स. | RCC (1:1:5:3) Works | १६९६६४ | १८३६१९ | १३९५५ |
| ८८ | प्रधानमन्त्री रोजगार कार्यक्रम नेवार गाउँ जाने पैदल मार्ग निर्माण उ.स | Stone Masonary | १९२७८३ | १९९०५७ | ६२७४ |
| | | Backfilling | २६१०९ | ५३९५० | २६१०९ |
| | | Stone Soiling | ६९७०२ | ९६५१० | २६८०९ |
| | प्रधानमन्त्री रोजगार कार्यक्रम वडा नं. ३ | Stone Soiling | ११२५०६ | १४२१६९ | २९६६३ |
| | | PCC (1:2:4) | ८४५३० | ११५५२४ | ३०९९४ |
| **जम्मा** | | | | | **३५५२४६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,५५,२४७ |

४१.३ *खानेपानीको महशुल*

*✂ ..........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.९,१७८।- सम्परीक्षण गरिएको ।)*

४१.४ *सामुदायिक विद्यालयको दिवा खाजा कार्यक्रम*

*✍ ..........(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।०८ को निर्णयबाट रु.४२,६४०।- सम्परीक्षण गरिएको ।)*

४१.५ *विल भरपाई पेश नभएको*

*✍ ..........(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१२ को निर्णयबाट रु.३,४०,०००।- सम्परीक्षण गरिएको ।)*

४२ **निर्माण व्यवसायीबाट काम**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैंले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव-कन्ट्रयाक्टरबाट गराउन सकिने छैन भन्ने उल्लेख छ । उपभोक्ताले रकम भुक्तानी लिन पेस गरेको बिल, भरपाई, कार्यबिल लगायतको फाँटबारीको नमूना परीक्षण गर्दा उपभोक्ताको श्रम प्रयोग नभएको, मेसिनयन्त्र प्रयोग गरी ग्राबेल बाटो तयार गरेको, नयाँ सडक बनाएको तथा बाटो स्तरीकरण गर्दा निर्माण व्यवसायीले पेस गरेको विजकमा उल्लेख भएको मूल्य अभिवृद्धि कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाए नबुझाएको यकिन गर्न सकिएन । तसर्थ देहायअनुसारका उपभोक्ता मार्फत् भुक्तानी लिन निर्माण व्यवसायीले जारी गरेका विजकको मूल्य अभिवृद्धि कर आन्तरिक राजस्व कार्यालयमा बुझाएको प्रमाण पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| भौ.नं. र मिति | उपभोक्ताको नाम | भुक्तानी | निर्माण व्यवसायीको नाम | पान नं. | बिल रकम | मू.अ. कर | जम्मा भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| २३०।२०८०।३।२० | जातीपोखरी रुम्बाटोल सडक उपभोक्ता समिति | २८५४५१ | मच्छेनारायण ढुङ्गा रोडा उद्योग | ३०१५१६११४ | २६१७३२ | ३४०२५ | २९५७५७ |
| २१४।२०८०।२।३० | खोरङ देउराली सडक उपभोक्ता समिति | ६७९००० | न्यू सिद्धार्थ निर्माण सेवा | ३०१४९४३५७ | २०४७५० | २६६१८ | २३१३६८ |
| १९१।२०८०।२।१ | दम्की सडक वडा नं ३ उपभोक्ता समिति | १७९९६६६ | न्यू सिद्धार्थ निर्माण सेवा | ३०१४९४३५७ | ३८०००० | ४९४०० | ४२९४०० |
| | | | मच्छेनारायण ढुङ्गा रोडा उद्योग | ३०१५१६११४ | ३८००० | ४९४० | ४२९४० |
| १०९।२०७९।११।१६ | पहिरो सफा उपभोक्ता समिति वडा नं. ५ | २९१००० | स्किल्ड स्टार विल्डर्स प्रा.लि. | ६१०२५८८३९ | २१६००० | २८०८० | २४४०८० |
| १०७।२०७९।११।१५ | सिकारी गाउँ सडक स्तर उन्नती योजना उपभोक्ता समिति | २४२५०० | इन्द्रसरोवर कन्स्ट्रक्सन प्रा.लि. | ६०९६७२५६३ | १८७२०० | २४३३६ | २११५३६ |
| २०।२०७९।८।२९ | पहिरो सरसफाई उपभोक्ता समिति वडा नं. २ | ५८२००० | फर्पिङ कन्स्ट्रक्सन | ६०९६३४२०० | ४५८०१६ | ५९५४२ | ५१७५५८ |
| १७।२०७९।८।१८ | पहिरो सरसफाई उपभोक्ता समिति वडा नं. १ | ६३०५०० | अमिरा कन्स्ट्रक्सन | ३०४६०२२४३ | ४५२५०० | ५८८२५ | ५११३२५ |
| | | | इन्द्रसरोवर कन्स्ट्रक्सन प्रा.लि. | ६०९६७२५६३ | १३७५०० | १७८७५ | १५५३७५ |
| १४।२०७९।८।१४ | पहिरो सरसफाई उपभोक्ता समिति वडा नं. ३ | ७७६००० | मच्छेनारायण ढुङ्गा रोडा उद्योग | ३०१५१६११४ | ३३०००० | ४२९०० | ३७२९०० |
| २६।२०७९।९।६ | पहिरो सरसफाई उपभोक्ता समिति वडा नं. ४ | ४८०५१८ | गणपति बिल्डर्स | ३०२८८६११७ | ३०९७६० | ४०२६९ | ३५००२९ |
| **जम्मा** | | | | | **२९७५४५८** | **३८६८१०** | **३३६२२६८** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८६,८०९.८ |

## ४३ बढी दर

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ । साथै पालिकाले सम्झौता अनुसार उपभोक्तालाई रकम दिनुपूर्व पालिकाले तयार गरेको दर विश्लेषणबाट तय भएको दर अनुसार हिसाब गरी रकम दिनुपर्दछ । देहायका उपभोक्तालाई देहायको काम जस्तै आर.सि.सि., पि.सि.सि., स्टोन मेशिनरी वाल आदि लगाउँदा तोकिएको भन्दा बढी दर भुक्तानी दिँदा १९ गोटा उपभोक्ता समितिलाई रू.१४,१९,३७०।३४ नर्म्स अनुसार हुने दरले भन्दा देहाय अनुसार बढी खर्च भएको देखिएकोले बढी व्ययभार परेको रु.

| भौ.नं. र मिति | उपभोक्ताको नाम | भुक्तानी | विवरण | परिमाण | भुक्तानी दर | दिनुपर्ने दर | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| २५।२०८०।३।१८ | इन्द्रसरोवर देखि थाहानगर सम्म पदमार्ग निर्माण योजना उपभोक्ता समिति | ९५८१०४ | PCC 1:3:6 | ४१.७९ | १००९४.८४ | ८१६३.९७ | १९३०.८७ | ८०६९१.०६ |
| | | | Stone Machinary 1:6 | २४.९२ | ११२६९.५९ | ८०६८.८१ | ३२००.७८ | ७९७६३.४४ |
| २१६।२०८०।२।२९ | भिरखर्क हुदै ठाडो खोला सडक निर्माण उपभोक्ता समिति | ७६८१७६ | PCC 1:3:6 | २२.२४ | ११०४८.५५ | ८१६३.९७ | २८८४.५८ | ६४१५३.०६ |
| | | | Stone Machinary 1:6 | ८५.४३ | ११६४३.९८ | ८०६८.८१ | ३५७५.१७ | ३०५४२६.७७ |
| २११।२०८०।२।२९ | ठूलो चौर सिचाई योजना उपभोक्ता समिति | १४५५०० | PCC 1:2:4 | ९.३१ | ११६९१.७२ | ९४४७.६८ | २२४४.०४ | २०८९२.०१ |
| २०९।२०८०।२।२९ | सर्वाङ खानेपानी योजना उपभोक्ता समिति | ५५६८८१ | RCC 1:1.5:3 | ८.११ | २२६४४.५५ | ११९००.५८ | ११५४३.९७ | ९३६२१.६० |
| १९९।२०८०।२।८ | मार्खु खा पा मर्मत योजना उपभोक्ता समिति | २८०४४२ | RCC 1:1.5:3 | ५.५१ | २२०१०.८१ | ११९००.०० | १०९१०.८१ | ६०११८.५६ |
| १९८।२०८०।२।८ | कालिका मा वि छाप हुँदै लप्सीखोला जाने सडक उपभोक्ता समिति | ९७०००० | RCC 1:2:4 | ६२.४० | १२३५३.९० | १०४५२.०० | १९०१.९० | ११८६७८.५६ |
| १८२।२०८०।१।२७ | मकैबारी गोरेटो बाटो निर्माण उपभोक्ता समिति | ४८५००० | PCC 1:2:4 | १९.३९ | १३६९१.८४ | ९४४७.६८ | ४२४४.१६ | ८२२९४.२६ |
| १६७।२०८०।१।१२ | दामै चौर सामुदायिक भवन निर्माण उपभोक्ता समिति | ८४४०१७ | Brick Wall | ४६.७३ | १६१८३.५२ | १५४९०.०२ | ६९३.५० | ३२४०७.२६ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १६४।२०८०।१।११ | मितेरी तटवन्ध निर्माण उपभोक्ता समिति | ९७०००० | PCC 1:2:4 | १०.९५ | १३३५९.४६ | ९४४७.६८ | ३९११.७८ | ४२८३३.९९ |
| १५८।२०८०।१।७ | पप्लिभङ्याङ कागतीटोल सडक उपभोक्ता समिति | १९६००० | PCC 1:2:4 | १३.८५ | १३०६६.३१ | ९४४७.६८ | ३६१८.६३ | ५०११८.०३ |
| १००।२०७९।११।१५ | ज्यामिरे सडक उपभोक्ता समिति | १७४६००० | PCC 1:2:4 | २६.७० | १०४९७.९३ | ९४४७.६८ | १०५०.२५ | २८०४१.६८ |
| ९७।२०७९।११।१४ | वाइवाटोल डाँडीखेल जोड्ने कृषि सडक मर्मत उपभोक्ता समिति | १९४००० | PCC 1:2:4 | १३.३४ | १३२११.२७ | ९४४७.६८ | ३७६३.५९ | ५०२०६.२९ |
| ९३।२०७९।११।४ | उन्युघारी सडक मर्मत उपभोक्ता समिति | १९४००० | PCC 1:2:4 | १३.६२ | १३३५९.४६ | ९४४७.६८ | ३९११.७८ | ५३२७८.४४ |
| ६९।२०७९।१०।१५ | तल्लो ज्यामिरे नाली निर्माण उपभोक्ता समिति | १९४००० | PCC 1:2:4 | १९.५५ | १०४९७.९८ | ९४४७.६८ | १०५०.३० | २०५३३.३७ |
| ६०।२०७९।१०।४ | बागेश्वरी दोभानकाली कृषि सडक | ९६९००० | PCC 1:2:4 | २०.०४ | १२५६१.६७ | ९४४७.६८ | ३११३.९९ | ६२४०४.३६ |
| ५८।२०७९।९।२९ | थुम्चेडाँडा सिडी निर्माण उपभोक्ता समिति | १९४००० | PCC 1:2:4 | १०.७१ | ११६८९.८० | ९४४७.६८ | २२४२.१२ | २४०१३.११ |
| ३२।२०७९।९।११ | ठुलोचौर सडक पक्कि नालि उपभोक्ता समिति | ६७९००० | PCC 1:2:4 | १५.७९ | १३३५९.४० | ९४४७.६८ | ३९११.७२ | ६१७६६.०६ |
| ११।२०७९।८।११ | नेवार गाँउ पर्यटन मार्ग स्तरीकरण उपभोक्ता समिति | २९१००० | PCC 1:2:4 | १२.८७ | १३३५९.४० | ९४४७.६८ | ३९११.७२ | ५०३४३.८४ |
| २७।२०७९।९।६ | सेन्डरखोला लप्सिखोला स्कूल सडक निर्माण उपभोक्ता समिति | १४५००० | PCC 1:2:4 | ९.८२ | १३२९५.४० | ९४४७.६८ | ३८४७.७२ | ३७७८४.६१ |
| जम्मा | | | | | | | | १४१९३७०.३४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,१९,३७०.३२ |

४४ **इन्धन बढी**

*..........(प्रारम्भिक प्रतिवेदन उपर खोरङ देउराली सडक उपभोक्ता समितिको रु.९१,१४०।- र दम्की सडक वडा नं. ३ उपभोक्तास समितिको रु.६,२४,४४८।- प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१२ को निर्णयबाट सम्परीक्षण गरिएको ।)*

### ४५ बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ । पालिका र उपभोक्ता समितिबीच सम्झौता हुँदा कुल कार्यसम्पन्न रकमको १० प्रतिशत उपभोक्ताले व्यहोर्ने र बाँकी रकम पालिकाले व्यहोर्ने गरी सम्झौता भएको छ । सम्झौता अनुसार पालिकाले उपभोक्ताले सम्पन्न गरेको कामको आधारमा रकम उपलब्ध गराउँदा परीक्षण गरिएका केही उपभोक्ताहरूलाई बास्तविक खर्चमा दश प्रतिशत उपभोक्ताको योगदान कट्टा गर्नु पर्नेमा कम कट्टी गरी बढी रकम भुक्तानी दिएको देखिन आयो । तसर्थ तहाँबाट एकिन गरी बढी भुक्तानी भएको रकम उपभोक्ताबाट असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| भौ.नं. र मिति | उपभोक्ता समितिको नाम | भुक्तानी रकम | कार्यसम्पन्न रकम | भुक्तानी हुनुपर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| २३०।२०८०।३।२० | जातीपोखरी रुम्बाटोल सडक उपभोक्ता समिति | २८५४५१ | २९५७५८ | २६६१८२ | १९२६९ |
| २१३।२०८०।२।२३ | सउराडाँडा सडक स्तरउन्नति उपभोक्ता समिति | ९७००० | ९९४४० | ८९४९६ | ७५०४ |
| १६१।२०८०।१।७ | क्सर पाखिडोल डाँडा कृषि सडक निर्माण उपभोक्ता समिति | १९४००० | २००१२३ | १८०१११ | १३८८९ |
| २०।२०७९।८।२१ | पहिरो सरसफाई उपभोक्ता समिति | ५८२००० | ६३७६९० | ५७३९२१ | ८०७९ |
| १७।२०७९।८।१८ | पहिरो सफा उपभोक्ता समिति इन्द्रसरोवर गा.पा.-१ | ६३०५०० | ६०००३० | ६०००३० | ३०४७० |
| १४।२०७९।८।१४ | पहिरो सफा उपभोक्ता समिति वडा नं. ३ | ७७६००० | ८२७७९४ | ७४४६५५ | ३१३४५ |
| जम्मा | | | | | ११०५५६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१०,५५६.१ |

### ४६ निस्कृय खाता

*..........(प्रारम्भिक प्रतिवेदन उपर बैङ्क अफ काठमाडौंको प्रमाण पेश भएको आधारमा मिति २०८०।१२।१२ को निर्णयबाट रु.४५,१२,५९७।- सम्परीक्षण गरिएको ।)*

### ४७ मृत्यु भएका लाभग्राहीलाई भत्ता

*..........(प्रारम्भिक प्रतिवेदन उपर किताप सिं मुक्तानको बेरुजु दाखिलाको प्रमाण पेश भएको आधारमा मिति २०८१।०१।०७ को निर्णयबाट रु.२०,२६७।- सम्परीक्षण गरिएको ।)*

## संपरीक्षणबाट थप भएको बेरूजू

<table>
<tr><th>क्र.सं.</th><th>बेरुजुको विवरण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेस गर्नुपर्ने उल्लेख छ। उपभोक्तालाई सम्झौता अनुसार रकम भुक्तानी दिनुपूर्व उपभोक्ताले पेस गरेको कार्यबिल सहितका बिल विजक तथा भरपाई परीक्षण गर्दा इन्धनको अस्वभाविक बिल विजक राखी बढी भुक्तानी लिएको देखियो। तथापि निर्माण कम्पनीले उल्लेख गरेको घण्टा र सडक विभागले तोकिदिएको नर्म्स अनुसार सामान्य डोजर/एक्साभेटरलाई प्रतिघण्टा बढीमा १४.४० लिटर तोकेको छ । केही निर्माण कम्पनीले ब्रेकर लगाएपनि कार्यालयले तयार गरेको कार्यबिलमा हार्ड कटिङ्गको नापी गरेको देखिँदैन । तसर्थ सबै काम सामान्य डोजरबाटै भएको मान्नुपर्ने स्थिति छ। तसर्थ देहायका उपभोक्ता समितिलाई निर्माण कम्पनीले लगाएको कार्यघण्टा र इन्धन खपतबीच बढी खर्च देखाएकोले कार्यालयबाटै छानविन गरी बढी इन्धनको बिल राखी खर्च लेखेको सम्बन्धमा एकिन गर्नु पर्दछ ।
<table>
<tr><th>उपभोक्ताको नाम</th><th>भुक्तानी</th><th>प्रयोग घण्टा</th><th>लाग्ने इन्धन</th><th>खरिद लि</th><th>बढी खरिद</th><th>दर</th><th>बढी रकम</th></tr>
<tr><td>खोरङ देउराली सडक उपभोक्ता समिति</td><td>६७९०००</td><td>१०५.००</td><td>१५१२.००</td><td>२१००</td><td>५८८.००</td><td>१५५.००</td><td>९११४०</td></tr>
<tr><td>दम्की सडक वडा नं ३ उपभोक्ता समिति</td><td>१७९९६६६</td><td>२०५.००</td><td>२९५२.००</td><td>६५००</td><td>३५४८.००</td><td>१७६.००</td><td>६२४४४८</td></tr>
</table></td><td>०.०</td></tr>
<tr><td>२</td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आन्तरिक श्रोतबाट कर्मचारी अवकास कोषमा रु.१४,७७,५७४।- ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । यसरी कानुनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी अवकास कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकोले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्दछ ।</td><td>०.०</td></tr>
</table>

अनुसूचीहरू

**अनुसूची - १**

## आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः २०७९/८०**

**कार्यालय र स्थानः इन्द्रसरोवर गाउँपालिका, मकवानपुर ।**

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Pralad Karki | २०७९-६-९ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | प्र प्र अ श्री बलराम लम्साल | २०७८-५-६ | २०७९-५-१० |
| लेखा प्रमुख | Santosh Banjara | २०७८-१२-२९ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरण**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,८५१,८१३.४२ | ० | ६,०३२,४०६.८ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ११,८८४,२२०.२२ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ९,६०१,३०४ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २,२८२,९१६.२२ |

**स्थानीय तह :**

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८३७७४५२५.४२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २२५९५९३७६.७१ | **चालु खर्च** | २३४७५६७९९.७५ |
| **प्रदेश सरकारबाट अनुदान** | ५६६७५५७८ | **पूँजीगत खर्च** | १५०६१५३२९.०९ |
| **राजश्व बाँडफाँट** | ७८२६७२१६.३७ | **वित्तीय/अन्य व्यवस्था** | ७०४६८६८८.९२ |
| **आन्तरिक आय** | ३०७२०६२५.१७ | | |
| **अन्य आय** | १११८०९८४८.६२ | | |
| **कुल आय** | ५०३४३२६४४.८७ | **कुल खर्च** | ४५५८४०८१७.७६ |
| **बाँकी मौज्दात** | | १३१३६६३५२.५३ | |